देशकै ठुलो सार्वजनिक पुस्तकालयमा आर्थिक अभाव, नियमित कार्यक्रमसमेत प्रभावित

■ समाज कल्याण परिषद्सँगको भाडा विवादपछि ११४ दिन बन्द भएको पुस्तकालय पुनः सञ्चालनमा आए पनि सरकारी अनुदान रोकिँदा सञ्चालन खर्च जुटाउन कठिन

■ दिनेश आचार्य

काठमाडौँ । संघीय राजधानीको भृकुटीमण्डपस्थित काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालय आर्थिक स्रोतको अभावमा सञ्चालन कठिनाइ झेलिरहेको छ । हजारौँ पाठकलाई पुस्तक, अनुसन्धान सामग्री र विद्युतीय पुस्तकालयको सुविधा उपलब्ध गराउँदै आएको पुस्तकालय कर्मचारी व्यवस्थापनदेखि नियमित शैक्षिक तथा साहित्यिक कार्यक्रम सञ्चालन गर्नसमेत आर्थिक अभावबाट गुज्रिरहेको छ ।

देशकै ठुलो सार्वजनिक पुस्तकालय तथा पुस्तकालयहरूको सम्पर्क केन्द्रका रूपमा रहेको यस संस्थामा अहिले दैनिक औसत १ सय पाठक पुग्ने गरेका छन् । २ हजार ७०० वर्गफिट क्षेत्रफलमा फैलिएको पुस्तकालयमा ६० हजारभन्दा बढी पुस्तक तथा २५ देखि ३० हजारको हाराहारीमा विभिन्न प्रतिवेदन, सरकारी जर्नल र तथ्यांक उपलब्ध छन् । पुस्तकालयले पाठकलाई विद्युतीय पुस्तकालयको सेवासमेत प्रदान गर्दै आएको छ । पुस्तकालयका कर्मचारी रितेश नेवाका अनुसार यहाँ विशेषगरी विद्यार्थी, अनुसन्धानकर्ता, सेवाबाट निवृत्त व्यक्ति तथा युवायुवती अध्ययनका लागि आउने गरेका छन् । पुस्तकालयको आजीवन सदस्य संख्या हालसम्म २ हजार ३०० पुगेको छ ।

विभिन्न व्यक्ति, संघसंस्था तथा राजदूतावासले पुस्तक र शैक्षिक सामग्री सहयोग गर्दै आए पनि पुस्तकालयको नियमित सञ्चालनका लागि आवश्यक आर्थिक स्रोत भने पर्याप्त छैन । अहिले विभिन्न व्यक्ति, संघसंस्था तथा व्यावसायिक घरानाबाट संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत प्राप्त सहयोगका भरमा पुस्तकालय सञ्चालन भइरहेको छ ।

पुस्तकालयले पाठक आकर्षित गर्न विद्यार्थी, बालबालिका र युवालाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । विद्यालयका छात्रछात्रालाई लक्षित विशेष अध्ययन कक्षको व्यवस्था गरिएको छ । उक्त कक्षमा बिदाका दिन मनोरञ्जनात्मक तथा सूचनामूलक वृत्तचित्र प्रदर्शन गरिन्छ । साहित्यिक तथा बौद्धिक दिवसका अवसरमा विशेष कार्यक्रम र प्रस्तुतिसमेत आयोजना हुने गरेको छ । बालबालिकालाई पुस्तकालयप्रति आकर्षित गर्न शैक्षिक सामग्री संकलन तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गरिँदै आएको छ । यस्ता गतिविधिले बालबालिकामा फुर्सदको समय र बिदाका दिन पुस्तकालय पुगेर अध्ययन गर्ने बानी विकास गर्न सहयोग पुगेको पुस्तकालयको भनाइ छ । युवालाई लक्षित गरी प्रत्येक महिनाको पहिलो शनिबार विशेष कार्यक्रम आयोजना गर्ने गरिएको थियो । युवा दार्शनिक समाजसँगको सहकार्यमा विभिन्न विधाका प्रतिष्ठित व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गरी समसामयिक विषयमा छलफल तथा बहस सञ्चालन गरिन्थ्यो । आर्थिक तथा व्यवस्थापकीय समस्याका कारण केही समययता यी कार्यक्रम स्थगित छन् । पुस्तकालयले भने परिमार्जनसहित पुनः निरन्तरता दिने योजना बनाएको छ ।

पुस्तकालयले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट पुस्तकालय तथा सूचना विज्ञान तह-३ को तालिम सञ्चालन गर्ने सम्बन्धनसमेत प्राप्त गरेको छ । उक्त तालिम अहिलेसम्म ५०० जनाले पूरा गरिसकेका छन् ।

११४ दिन बन्द भएको पुस्तकालयको भाडा विवाद

पुस्तकालयको आर्थिक तथा व्यवस्थापकीय समस्या समाज कल्याण परिषद्सँगको भाडा विवादपछि थप जटिल बनेको हो । पुस्तकालय व्यवस्थापक लीलाप्रसाद भट्टराईका अनुसार पुरानो सम्झौताअनुसार पुस्तकालयले समाज कल्याण परिषद्लाई बुझाउनुपर्ने २५ प्रतिशत भाडा नियमित रूपमा बुझाउँदै आएको थियो ।

तर, नयाँ सम्झौता नभई परिषद्ले २०७५ सालमा पुस्तकालयका नाममा १ करोड ७५ लाख रुपैयाँ बेरुजु रहेको भन्दै उक्त रकम भुक्तानी गर्न पत्राचार गरेको भट्टराईले बताए । पुस्तकालयले भने पुरानो सम्झौताअनुसारको भाडा मात्र बुझाउने अडान राख्दै आएको थियो ।

भाडा विवादकै क्रममा २०८२ चैत ३० गते पाठकहरू अध्ययन गरिरहेका बेला प्रहरी प्रशासनको सहयोगमा पुस्तकालयमा तालाबन्दी गरिएको भट्टराईले बताए । त्यसपछि पुस्तकालय ११४ दिनसम्म बन्द रह्यो । अहिले भने पुस्तकालय पुनः पूर्ण रूपमा सञ्चालनमा आएको छ । यसबीच तत्कालीन शिक्षामन्त्री सुमना श्रेष्ठको कार्यकालमा रोकिएको पुस्तकालयको सरकारी अनुदानसमेत अहिलेसम्म पुनः सुरु हुन सकेको छैन । सम्बन्धित निकायमा आर्थिक तथा व्यवस्थापकीय समस्या राख्दा पनि समाधान नभएको पुस्तकालयको भनाइ छ ।

राज्यको सहयोग आवश्यक

पुस्तकालय सञ्चालनका लागि आवश्यक आर्थिक स्रोत जुटाउन कठिन भएपछि सामान्य बैठक, भेला तथा कर्मचारी व्यवस्थापनमा समेत समस्या भइरहेको व्यवस्थापक भट्टराईले बताए । सरकारी अनुदान नियमित नहुँदा र भाडा विवादसमेत समाधान नभएकाले संस्थागत सहयोगका भरमा दैनिक गतिविधि सञ्चालन गर्नुपरेको उनको भनाइ छ ।

पुस्तकालयविद् जुजुभाई डंगोलले पुस्तकालयजस्तो गैरनाफामूलक संस्थालाई राज्यले आवश्यक आर्थिक सहयोग र प्रोत्साहन दिनुपर्ने बताए । देशमा पठन संस्कृतिको विकास तथा अध्ययन अनुसन्धानको वातावरण निर्माणमा पुस्तकालयको महत्त्वपूर्ण योगदान रहने उनको भनाइ छ ।

पुस्तकालयका पदाधिकारीले सम्बन्धित सरकारी निकाय, निजी क्षेत्र तथा सरोकारवालाबाट सहयोग प्राप्त भए पुस्तकालयलाई व्यवस्थित र नमुना संस्थाका रूपमा विकास गर्न सकिने बताएका छन् ।

समाजलाई भ्रष्टाचार मुक्त बनाऔं

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

फाल्गुनन्द गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
फाक्तेप, पाँचथर
कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(मिति : २०८३।०८।१०)

यस कार्यालयको मितिः२०८३।०७।१६ गते पहिलो पटक सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार निम्न बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई र बोल अंक औसत अङ्कसँग सबैभन्दा नजिक भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाता र अन्य सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र. स.	ठेक्का नं.	कामको विवरण	स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक भ्याट सहित	कैफियत
१.	PRMW/NCB/ 03/2083/84	Construction of Water supply project works phalgunanda-07	सुन याङ सप्लायर्स एण्ड निर्माण सेवा प्रा.लि.	NPR 85,34,582.17	

प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख बिभाग
भूमि प्रशासन कार्यालय
विराटनगर, मोरंग

हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८३।०८।०९)

यसमा साविक कटहरी वडा नं. ६ख कि.नं. ३ क्षेत्रफल ०-१-५ ऐ.ऐ.कि.नं. ४ को क्षेत्रफल ०-२-११ को जग्गामा हाल कटहरी गाउँपालिकाको भवन रहेको गाउँपालिकाको नाममा दर्ता गर्ने गाउँपालिकाको निर्णय सहित गाउँपालिकाको च.नं. ५६२, मिति २०८३/०/०६/०२ गतेको पत्र प्राप्त भएको । जनप्रिय मा.वि. कटहरीको च.नं. ६४, मिति २०८३/०७/२० को विद्यालय व्यवस्थापन समितिको निर्णय सहित छुट जग्गा दर्ताको लागि सिफारिस भई आएको । कटहरी गाउँपालिका शिक्षा समितको समेत मिति २०८३/०७/१६ मा निर्णय सहित च.नं. ९२४, मिति २०८३/०७/१३ को सिफारिस प्राप्त भएको । नापी कार्यालय, विराटनगरबाट प्राप्त फिल्ड बुकमा ऐ. कि.नं. ३ को जग्गाको किसान महलमा धर्मभकारी, जग्गावालाको महल खाली, किसानको व्यहोरा र कैफियत व्यहोरा खाली, कि.नं. ४ को जग्गामा किसानको महलमा पंचायत एरिया स्कुल कम्पाउण्ड जग्गावालाको महल खाली किसानको व्यहोरामा पंचायत एरिया स्कुल कम्पाउण्ड र कैफियत महल खाली रहेको हुँदा उल्लिखित नापीको समयमा नै फिल्डबुकमा धर्मभकारी र पंचायत एरिया स्कुल कम्पाउण्ड उल्लेख भएको जग्गा कटहरी गाउँ कार्यपालिकाको नाममा दर्ता माग गरेको हुँदा गाउँपालिकाको नाममा उक्त जग्गा दर्ता हुँदा कोही कसैको हक स्वामित्वमा असर पर्छ/पर्दैन? साविकमा धर्मभकारी लेखिएको जग्गा सरकारी हो वा होइन? गाउँपालिकाको नाममा दर्ता हुन नपर्ने भए सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र उजुर गर्न/दावी गर्न आउनुहोला । कसैको दावी विरोध नपरे कटहरी गाउँपालिकाको नाममा दर्ता भई जानेछ ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

केन्द्रीय कार्यालय: काठमाण्डौ-३, बालुवाटार
फोन : ०१-४५४५४२४/२५/२६
वेभसाइट: www.garimabank.com.np

गरिमा विकास बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

(सूचना प्रकाशित मितिः २०८३/०८/१०)

गरिमा विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्तिहरु जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिनभित्र** कार्यालय समयमा विकास बैंकको केन्द्रीय कार्यालय, बालुवाटार काठमाण्डौ, क्षेत्रीय कार्यालयहरु वा आफूलाई पायक पर्ने शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन आव्हान गरिन्छ । विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलकबोलकर्ता वा निजको आधिकारीक प्रतिनिधिहरुलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । थप जानकारीको लागि कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय, बालुवाटार काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ ।

तपसिल

क्र. सं.	शाखा कार्यालय	सम्पत्तिको विवरण	सम्पत्तिको प्रकार
१	वालिङ शाखा	भूमि प्रशासन कार्यालय वालिङ, स्याङ्जामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको स्याङ्जा जिल्ला चापाकोट गा.वि.स.-२ स्थित कि.नं. ६१८ को क्षेत्रफल २-१२-०-३ (रोपनी) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	जग्गा
२	अत्तरिया शाखा	भूमि प्रशासन कार्यालय कञ्चनपुरमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला चाँदनी-९ स्थित कि.नं. ४१० को क्षेत्रफल २५३५ (ब.मि.) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	घर/जग्गा
३	वालिङ शाखा	भूमि प्रशासन कार्यालय वालिङ, स्याङ्जामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको स्याङ्जा जिल्ला वालिङ गा.वि.स./न.पा.-१ स्थित कि.नं. ५४७५ र ५४७७ को क्षेत्रफल क्रमशः ०-२-३-२ र ०-०-०-१ (रोपनी) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	घर/जग्गा
४	तानसेन शाखा	भूमि प्रशासन कार्यालय तानसेन, पाल्पामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको पाल्पा जिल्ला तानसेन न.पा.-६ स्थित कि.नं. २९१ को क्षेत्रफल ०-११-३-० (रोपनी) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	जग्गा
५	परासी शाखा	भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.)मा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी(ब.सु.प.) जिल्ला परासी-४ स्थित कि.नं. ६१८ र ४२१ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-६-० (बिघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	घर/जग्गा
६	मैतिदेवी शाखा	भूमि प्रशासन कार्यालय कलैया, बारामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला पिप्राबसतपुर गा.वि.स.-४ स्थित कि.नं. ३६ को क्षेत्रफल ०-६-१५-० (बिघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	जग्गा
७	लाजिम्पाट शाखा	भूमि प्रशासन कार्यालय बर्दिवास, महोत्तरीमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला २५ नं. बहादुरगञ्ज गा.वि.स. ८/क स्थित कि.नं. १६ को क्षेत्रफल १-१९-०-० (बिघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	जग्गा
		भूमि प्रशासन कार्यालय बर्दिवास, महोत्तरीमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला खयरमारा गा.वि.स. ३/घ स्थित कि.नं. १५७ को क्षेत्रफल २-१४-१४-० (बिघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	जग्गा
८	फर्साटिकर शाखा	भूमि प्रशासन कार्यालय रुपन्देहीमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला मानमटेरिया गा.वि.स. वडा नं. ८ स्थित कि.नं. ६७२ क्षे.फ. २७०.८८ (ब.मि.) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	घर/जग्गा
९	पुतलीवजार शाखा	भूमि प्रशासन कार्यालय कावासोती, नवलपरासी (ब.सु.पू.) मा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी(ब.सु.पू.) जिल्ला प्रगतीनगर गा.वि.स. ५/क स्थित कि.नं. २२५५, २२५८ र २२५२ को क्षेत्रफल क्रमशः १६०.८५, ४६.५६ र ३०४.७८ (ब.मि.) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	जग्गा
१०	फर्साटिकर शाखा	भूमि प्रशासन कार्यालय बुटवल, रुपन्देहीमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला सेमलार गा.वि.स. ४/ख स्थित कि.नं. २२५ को क्षेत्रफल क्रमशः ०-२-४-० (बिघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	घर/जग्गा
११	मणिग्राम शाखा	भूमि प्रशासन कार्यालय भैरहवा, रुपन्देहीमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला टिकुलिगढ गा.वि.स. ९/क स्थित कि.नं. ८६९ को क्षेत्रफल ०-०-१४.५-० (बिघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	जग्गा
		भूमि प्रशासन कार्यालय भैरहवा, रुपन्देहीमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला टिकुलिगढ गा.वि.स. ९/क स्थित कि.नं. ८६८ को क्षेत्रफल ०-०-१४.५-० (बिघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	जग्गा
१२	दुङ्गेधारा शाखा	भूमि प्रशासन कार्यालय कलैया, बारामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला दोहरी गा.वि.स. वडा नं. ७ स्थित कि.नं. ३९९ र ४०० को क्षेत्रफल क्रमशः २०३१.७८ र १७४३.९४ (ब.मि.) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	घर/जग्गा
१३	सुनवल शाखा	भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.)मा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी(ब.सु.प.) जिल्ला अमरौड गा.वि.स.-५ स्थित कित्ता नं. ८९० को क्षेत्रफल ०-०-२-० (बिघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	घर/जग्गा
१४	खैरेनी शाखा	भूमि प्रशासन कार्यालय रुपन्देहीमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. ४/ग स्थित कि.नं. ३९४, ४५६, ४९६ र ५०० को क्षेत्रफल क्रमशः ०-११-१५-०, ०-१-०-०, ०-०-१०-० र ०-१-३-० (बिघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	जग्गा
१५	दमक शाखा	भूमि प्रशासन कार्यालय दमक, झापामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला दमक न.पा.-७ स्थित कि.नं. ३०२ को क्षेत्रफल ०-१-३-० (बिघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	घर/जग्गा
१६	धादिङबेशी शाखा	भूमि प्रशासन कार्यालय धादिङबेशी, धादिङमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला मुरलीभन्ज्याङ्ग गा.वि.स. २/झ स्थित कि.नं. ३८१, ३७८, ३६, ४०, ५० र ५२ को क्षेत्रफल क्रमशः ०-११-२-०, ०-८-२-०, १-८-३-२, ०-१०-०-१, ५-५-१-० र ३-१३-०-३ (रोपनी) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	घर/जग्गा
		भूमि प्रशासन कार्यालय धादिङबेशी, धादिङमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला मुरलीभन्ज्याङ्ग गा.वि.स. २/छ स्थित कि.नं. २८५ को क्षेत्रफल ०-१५-२-१ (रोपनी) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	घर/जग्गा
१७	धादिङबेशी शाखा	भूमि प्रशासन कार्यालय धादिङबेशी, धादिङमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला मुरलीभन्ज्याङ्ग गा.वि.स. २/ङ स्थित कि.नं. १०१५ र १०१० को क्षेत्रफल क्रमशः ०-३-१-०.५, र ०-२-२-० (रोपनी) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	घर/जग्गा
१८	बागलुङ शाखा	भूमि प्रशासन कार्यालय बाग्लुङमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको बागलुङ जिल्ला कालिका गा.वि.स.-३, स्थित कित्ता नं. २८४८ को क्षेत्रफल ०-३-२-० (रोपनी) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	जग्गा
१९	सुनवल शाखा	भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.)मा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी(ब.सु.प.) जिल्ला सुनवल गा.वि.स.-४/ग स्थित कित्ता नं. २१११ को क्षेत्रफल ०-२-१०-० (बिघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	जग्गा
२०	चन्द्रगढी शाखा	भूमि प्रशासन कार्यालय भद्रपुर, झापामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला चन्द्रगढी न.पा.-६ स्थित कित्ता नं ३९७० को क्षेत्रफल ०-२-०-० (बिघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	घर/जग्गा
२१	दलदले शाखा	भूमि प्रशासन कार्यालय कावासोती, नवलपरासी (ब.सु.पू.) मा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी(ब.सु.पू.) जिल्ला प्रगतीनगर गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं ५१० को क्षेत्रफल ०-१-१५.७५-० (बिघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	जग्गा
२२	कावासोती शाखा	भूमि प्रशासन कार्यालय कावासोती, नवलपरासी (ब.सु.पू.) मा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी(ब.सु.पू.) जिल्ला प्रगतीनगर गा.वि.स. वडा नं. ९/ग स्थित कित्ता नं. ९३२ र ९३४ को क्षेत्रफल क्रमशः ०-१-०-०, ०-१-१५.५-० (बिघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	जग्गा
२३	सुर्खेत, शाखा	भूमि प्रशासन कार्यालय कावासोती, नवलपरासी(ब.सु.पू.) मा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी(ब.सु.पू.) जिल्ला प्रगतीनगर गा.वि.स. वडा नं. २/क स्थित कित्ता नं ३१२ को क्षेत्रफल १०१५.८९ (ब.मि.) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	जग्गा
२४	हेटौडा शाखा	भूमि प्रशासन कार्यालय हेटौंडा, मकवानपुरमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा.-३ स्थित कित्ता नं ७४३ र ७४४ को क्षेत्रफल क्रमशः ०-०-३.२५-० र ०-०-३.२५-० (बिघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	घर/जग्गा

शर्त बन्देजहरु :

१. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मितिः २०८३/०८/१६) भित्र विकास बैंकका शाखा कार्यालयहरु वा क्षेत्रीय कार्यालयहरु वा प्रधान कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८३/०८/१८ गते शुक्रबार दिनको ३:०० बजे विकास बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३. बोलपत्र बुझाउने/बोलपत्र खोल्ने अन्तिम दिन बिदा परेमा लगत्तै विकास बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ ।
४. उल्लेखित सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा रहेको छ बोलपत्रदाताले सोही अवस्था र परिमाणमा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबोल गरेको अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद, भौचर वा सो रकम बराबरको विकास बैंकको नाममा खिचिएको Good for payment cheque/manager cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।
६. बोलपत्रमा आफुले कुन-कुन सम्पत्ति के-कति दर र रकममा खरिद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र पेश गर्दा फरक फरक सम्पत्तिका लागि फरक फरक बोलकबोल रकम उल्लेख गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
९. बोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानुन बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र स्थायी लेखा नम्बर प्रमाण पत्रको फोटोकपी संलग्न गरेको हुनुपर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको जानकारी पाएको पत्रको मितिले एक्काईस (२१) दिनभित्र धरौटी राखेको बाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ । तोकिएको अवधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ । बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरिनेछ र यस रकममा कुनै ब्याज दिइने छैन ।
११. स्वीकृत भएको बोलपत्रदाताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो गर्दा कानुन बमोजिम लाग्ने नामसारी दे-दस्तुर लगायतका अन्य खर्चहरु आदि बोलपत्रदाताले नै बेहोर्नु पर्नेछ ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयहरुबाट रु.१,००० तिरी प्राप्त गर्न सकिनेछ उक्त धरौटी रकम फिर्ता हुने छैन ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न, निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालयहरु वा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ ।